# मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरः एक अध्ययन

(पुतलीबजार नगरपालिका-६, रामकोश फूलबारी, स्याङ्जा)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह इतिहास विषयको दोस्रो वर्षको पाठ्यक्रमअनुसारको छैठौं पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोध-पत्र


प्रस्तुतकर्ता

भोजबहादुर के.सी.

रोल नं. २/०६१

परीक्षा रोल नं. ४८००५२

त्रि.वि. दर्ता नं. १७८०५-८७

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप छैठौं पत्रको प्रयोजनका लागि श्री भोजबहादुर के.सी. ले **"मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिर : एक अध्ययन** (**पुतलीबजार नगरपालिका-६, रामकोश फूलबारी, स्याङ्जा**)**"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मितिः २०६८।१२।१४

...............................

डा. ज्ञानबहादुर कार्की

सहप्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

पृथ्वीनारायण क्याम्पस, पोखरा

# इतिहास तथा संस्कृति विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रमअनुरूप श्री भोजबहादुर के.सी. ले **"मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिर : एक अध्ययन** (**पुतलीबजार नगरपालिका-६, रामकोश फूलबारी, स्याङ्जा**)**"** शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. विभागीय प्रमुख | ज्योति भट्टचन | .............................. |
| २. बाह्य परीक्षक | डा. उमानाथ बराल | .............................. |
| ३. शोधनिर्देशक | डा. ज्ञानबहादुर कार्की | .............................. |

मिति : २०६८।१२।२४

# कृतज्ञता-ज्ञापन

प्रस्तुत शोध-पत्र नेपालको स्याङ्जा जिल्लाअन्तर्गत पुतलीबजार नगरपालिका वडा नं. ६ मा पर्ने **“मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिर : एक अध्ययन** (**पुतलीबजार नगरपालिका-६, रामकोश फूलबारी, स्याङ्जा**)” तयार गरिएको यस शोधपत्रमा मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको विविध पक्षको प्रकाश पार्ने जमर्को गरिएको छ ।

नेपालमा प्राचीनकालदेखि नै हिन्दु धर्मको बाहुल्यता रहँदै आएको छ। धर्मले विश्वमा भौतिक, बौद्धिक र नैतिक विकास पनि गराएको छ। धार्मिक आस्थावान व्यक्तिहरु तथा साधु, सन्त, महन्त आदिलाई सहयोग पुगोस् भन्ने उद्देश्यले विभिन्न स्थानमा पाटी-पौवा निर्माण गर्ने, खानपान तथा बसोबासको व्यवस्थापन गर्ने आदि कामका लागि स्वयं राज्य तथा राज्यका महत्त्वपूर्ण पदाधिकारीहरु तथा धार्मिक व्यक्तित्वहरुबाट गुठी राख्ने कामहरु पनि पर्याप्त भएको पाइन्छ । यसै सिलसिलामा मुक्तिनाथ सदावर्त गुठी पनि राखिएको पाइन्छ भने त्यहाँ स्थापित शिवमन्दिरको हेरविचार गरी गुठीको संरक्षण र गुठीको उद्देश्यानुरूपको कार्य पनि हिजोका दिनहरुमा भएको पाइन्छ। प्राकृतिक दृष्टिकोणले अति मनोरम ठाउँ भएर पनि मुक्तिनाथ सदावर्त गुठी तथा शिवमन्दिर फूलबारीको विविध पक्षमा अध्ययन अनुसन्धान नभएको हुनाले यस अध्ययनमा अनुसन्धनात्मक तवरले यो शोधपत्र तयार गरिएको छ। यस शोधपत्रले केही हदसम्म भए पनि नेपालको धार्मिक इतिहासप्रति र गुठीसम्बन्धी व्यवस्थाको बारेमा चासो र जिज्ञासा राख्ने पाठकहरूका लागि थप स्रोतको रूपमा काम गर्नेछ भन्ने कुरामा विश्वास लिएको छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा शिवमन्दिरको परिसरदेखि यहाँको गुठीसँग सम्बन्धित विविध पक्षमा जानकारी लिनको लागि रामकोश फूलबारीको स्थलगत भ्रमण गरी त्यस सँग सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गरी विविध क्रियाकलापहरूको अध्ययन अवलोकन तथा अनुसन्धान गरिएको छ। यस मुक्तिनाथ सदावर्त गुठी र शिवमन्दिरको बारेमा जानकारी राख्ने व्यक्तित्वहरूसँग प्रत्यक्ष भेट गरी अन्तरवार्ता लिनुका साथै यसबाट जनमानसमा परेको प्रभावका बारेमा अवलोकन गरी प्राप्त गरिएका स्रोत तथा प्रमाणहरूका आधारमा यो शोधपत्र तयार गरिएकोले यो अध्ययन वस्तुपरक र तथ्यपरक हुने कुरामा विश्वास लिएको छु ।

अतः सर्वप्रथम मलाई प्रस्तुत शीर्षकमा शोधपत्र तयार गर्ने अवसर प्रदान गर्ने पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभागप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्न प्रेरणा प्रदान गरी यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्तै व्यस्तताका बाबजुद पनि समय दिएर मलाई धेरै निर्देशन, सुझाव दिनुका साथै आवश्यक सामग्रीहरू समेत प्रदान गरी अपरिपक्व लेखन कार्यलाई परिष्कृत गराई शोधपत्र तयार गर्नमा अतुलनीय सहयोग पुऱ्याउनुहुने श्रद्धेय गुरु तथा शोध-निर्देशक डा. ज्ञानबहादुर कार्कीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मेरो अध्ययनका क्रममा तथा शोधग्रन्थ तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने विभागीय अध्यक्ष श्री ज्योति भट्टचन, प्रा.डा. दिलबहादुर क्षत्री तथा श्री चन्द्रकान्त पौडेल लगायत विभागका सम्पूर्ण गुरुजनहरूप्रति हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु । इतिहास तथा संस्कृति विभागका पूर्व विभागीय प्रमुख आदरणीय गुरु स्व. गुणाखर जैसी भट्टराईलाई पनि यस घडीमा म श्रद्धापूर्वक सम्झन चाहन्छु ।

मेरो यस शोधपत्रलाई यथाशक्य शुद्धताका साथ बडो मिहेनतपूर्वक टाइप गरी समयमै काम पूरा गरिदिनुहुने अमृत कम्प्युटर सर्भिस, न्यूरोड, पोखराकी वन्दना वि.क. लाई धन्यवाद दिन चाहन्छु । यस्तै शोधपत्र तयार गर्दा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबै महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरा समक्ष मिति २०६८ चैत्र १४ मा प्रस्तुत गरेकोमा २०६८ चैत्र २४ मा भाइवा ९ख्खब खयअभ० भएको र सो भाइवाबाट प्राप्त सुझाव तथा निर्देशनहरूलाई पालना गरी शोधपत्रलाई परिमार्जित गरी प्रस्तुत गरेको छु ।

.....................................

भोजबहादुर के.सी.

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

रोल नं. २/२०६१

# विषय-सूची

अध्याय एक :परिचय

१.१. पृष्ठभूमि १

१.२. समस्याकथन २

१.३. अध्ययनको उद्देश्य ३

१.४. अध्ययनको महत्त्व ३

१.५. अध्ययनको सीमा तथा क्षेत्र ३

१.६. पूर्वकार्यको समीक्षा ४

१.७. शोधविधि ६

१.७.१. तथ्याङ्क सङ्कलन ६

१.७.१.१. प्राथमिक स्रोत ७

१.७.१.१.१. अवलोकन ७

१.७.१.१.२. मुख्य सूचनादातासँग अन्तर्वार्ता ७

१.७.१.१.३. अभिलेख तथा दस्तावेजहरू सङ्कलन ७

१.७.१.२. द्वितीय स्रोत ७

१.८. अध्याय विभाजन ८

अध्याय दुई : अध्ययन क्षेत्रको अवस्थिति र ऐतिहासिक स्थलहरु

२.१. स्याङ्जा जिल्ला तथा पुतलीबजार नगर क्षेत्रको परिचय ९

२.२. स्याङ्जा जिल्लामा रहेका धार्मिक एवम् ऐतिहासिक स्थलहरू १२

अध्याय तीन : मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको अध्ययन

३.१. गुठी व्यवस्था १३

३.२. मुक्तिनाथ सदावर्त गुठीको स्थापना १६

३.३. मुक्तिनाथ सदावर्त गुठीको प्रयोजन १९

३.४. मुक्तिनाथ सदावर्त गुठीको जमिन र व्यवस्थापन २३

३.५. मुक्तिनाथ सदावर्त गुठी तथा शिव मन्दिरको वर्तमान अवस्था २५

३.६. शिव मन्दिरको स्थापना २७
३.७. शिव मन्दिरको बनोट शैली २९
३.८. विशेष तथा नित्य पूजा ३०
३.९. शिव मन्दिरका पुजारीहरू ३०
३.१०. निष्कर्ष ३१

अध्याय चार : सामाजिक, धार्मिक एवं सांस्कृतिक प्रभाव
४.१. सामाजिक प्रभाव ३२
४.२. धार्मिक आस्था र जनविश्वास ३३
४.३. सांस्कृतिक सम्पदाको संरक्षण र प्रभाव ३४
४.४. निष्कर्ष ३६

अध्याय पाँच : निष्कर्ष
५.१. निष्कर्ष ३८

शोधसार ४१

सन्दर्भ सामग्री ४३

परिशिष्ट : क - सदावर्त गुठी र शिव मन्दिरका बारेमा अनुसन्धानका क्रममा सोधिएका प्रश्नावलीको नमुना ४६

परिशिष्ट : ख - सदावर्त गुठी र शिव मन्दिरसम्बन्धी लालमोहर ४७

परिशिष्ट : ग - रैतान नम्बरी गुठी मुक्तिनाथ सदावर्तको लालपुर्जा ४९

परिशिष्ट : घ - अध्ययन क्षेत्रसँग सम्बन्धित फोटाहरु ५१